# संघीय संसद
# प्रतिनिधि सभा, २०७९

पहिलो अधिवेशन

**बैठक संख्या - ५**

**सूचनापत्र - २**

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल माघ १० गते मंगलबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १० बमोजिम सभामुख तथा उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न निम्नलिखित मा० सदस्यहरुको नाम हेरफेर गरी मनोनयन गरेको व्यहोरा जानकारी गराउनु भयो ।

१. मा० श्री देवराज घिमिरेको स्थानमा मा० श्री कृष्णगोपाल श्रेष्ठ

२. मा० श्री सुशिला सिर्पाली ठकुरीको स्थानमा मा० श्री विमला सुवेदी

त्यसपछि मा० श्री देवेन्द्र पौडेलले नेपालको संविधानको धारा १०४ को उपधारा (१) बमोजिम प्रतिनिधि सभाले आफ्नो कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र समितिहरुको गठन, काम कारबाही र प्रतिनिधि सभा वा समितिको कार्यविधि नियमित गर्न र प्रतिनिधि सभाको अन्य कार्यमा सहजता ल्याउने लगायतका कार्यका लागि प्रतिनिधि सभाको नियमावली मस्यौदा निर्माण गर्न "प्रतिनिधि सभा नियमावली मस्यौदा समिति गठन गरियोस्" भनी समितिमा रहनुहुने निम्नलिखित मा० सदस्यहरुको नामावली सहितको प्रस्ताव प्रस्तुत गर्नुभयो ।

१) मा० श्री अनिता देवी
२) मा० डा० अमरेश कुमार सिंह
३) मा० श्री गंगाराम चौधरी
४) मा० श्री चित्रबहादुर के.सी.
५) मा० श्री जीवन परियार
६) मा० श्री दिलेन्द्रप्रसाद बडू
७) मा० श्री नागिना यादव
८) मा० श्री प्रकाश ज्वाला
९) मा० श्री प्रदिप यादव
१०) मा० श्री प्रेम सुवाल
११) मा० श्री महेश कुमार वर्तौला
१२) मा० श्री रमेश लेखक
१३) मा० श्री लिलानाथ श्रेष्ठ
१४) मा० श्री विद्या भट्टराई
१५) मा० श्री शक्ति बहादुर बस्नेत
१६) मा० श्री सवेन्द्रनाथ शुक्ला
१७) मा० श्री सिता गुरुङ्ग
१८) मा० श्री सुवास चन्द्र नेम्वाङ्ग
१९) मा० श्री सोविता गौतम
२०) मा० श्री हितराज पाण्डे
२१) मा० श्री ज्ञान बहादुर शाही

तदुपरान्त मा० श्री रामकृष्ण यादव र मा० श्री ऋषिकेश पोखरेलले उक्त प्रस्तावको समर्थन गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "प्रतिनिधि सभा नियमावली मस्यौदा समिति गठन गरियोस्" भन्ने मा० सदस्यहरुको नामावली सहितको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

त्यसपछि नवनिर्वाचित प्रतिनिधि सभाका सभामुख र उपसाभामुखलाई दलीय आधारमा निम्नलिखित मा० सदस्यहरुले बधाई तथा शुभकामना दिनुभयो ।

१. मा० श्री रामचन्द्र पौडेल
२. मा० श्री रघुविर महासेठ
३. मा० श्री देवेन्द्र पौडेल
४. मा० उपप्रधानमन्त्री एवं गृहमन्त्री श्री रवि लामिछाने
५. मा० श्री ज्ञान बहादुर शाही
६. मा० श्री अशोक कुमार राई
७. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
८. मा० डा० चन्द्रकान्त राउत
९. मा० श्री रामप्रकाश चौधरी
१०. मा० श्री गंगाराम चौधरी
११. मा० श्री प्रेम सुवाल

| | |
|---|---|
| १२. मा० श्री चित्रबहादुर के.सी. | १४. मा० श्री प्रभु साह |
| १३. मा० डा० अमरेश कुमार सिंह | १५. मा० श्री योगेन्द्र मण्डल |

यसैबीच मा० श्री प्रभु साहले बधाई तथा शुभकामना दिनको लागि रोष्ट्रममा उभिएपछि मा० श्री बद्रीप्रसाद पाण्डेले हात उठाएर समय माग गर्नुहुँदै प्रतिनिधि सभाको बैठक भैरहेको समयमा बाजुरा जिल्ला केन्द्रविन्दु भएर भुकम्प गएको जानकारी गराउँदै उक्त भुकम्पबाट के कति क्षति भएको छ सो को विषयमा सरकारको तर्फबाट जानकारी सदनलाई गराउन सम्मानननीय सभामुखबाट रुलिङ्ग होस् भन्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले सभामुख तथा उपसभामुखलाई बधाई तथा शुभकामना दिनुहुने मा० सदस्यहरु तथा दलहरुप्रति आभार एवं धन्यवाद व्यक्त गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल माघ १८ गते बुधबार दिनको १:०० बजे बस्नेगरी आजको बैठक दिनको ३:४५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव